कृषि पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार

चैनपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा

स्थाः २०७३

कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२

चलानी नं.

मितिः २०८२/०२/१९

ने.स.११४५ तछलाथ्व ७ सोमबार

## <u>अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन कार्यक्रममा आवेदन दिने सम्बन्धि सूचना</u>

सूचना प्रकाशित मितिः२०८२/०२/१९

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको चालु आ.व २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम अन्तर्गत आयआर्जन क्रियाकलापमा संलग्न भएका र नयाँ उद्यम/व्यवसाय विस्तार तथा स्थापना गर्न इच्छुक अपाङ्गता भएका व्यक्ति तथा एकाघरका परिवारलाई निजहरुको व्यवसायलाई अझ प्रवर्द्धन गर्न तथा **अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सुधारका लागि आर्थिक सबलीकरण कार्यक्रम** सञ्चालनका लागि तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरी मिति २०८१/०२/२९ गते भित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका तथा म्याद नाघी प्राप्त आवेदन उपर कुनै कारवाही हुनेछैन ।

१.आवश्यक न्युनतम मापदण्डः

- नेपाली नागरिक,
- सेतो वा पहेलो परिचयपत्र पाएको अपाङ्गता भएको व्यक्ति,
- रातो र निलो अपाङ्गता परिचयपत्र पाएको व्यक्तिको हकमा एकाघरको परिवारको सदस्य,
- चैनपुर नगरपालिकाको स्थायी बासिन्दा,
- उद्यम/व्यवसायमा संलग्न भएको वा सीप तालिम प्राप्त गरी उद्यम वा व्यवसाय शुरु गर्न तत्पर रहेका अपाङ्गता भएका व्यक्ति।

२.संलग्न गर्नुपर्ने कागजातहरुः

- अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सुधारका लागि आर्थिक सबलीकरण कार्यक्रम सञ्चालन प्रकृयाको अनुसुची १ बमोजिम आवेदन फारम,
- आवेदकको नागरिकता वा अपाङ्गता परिचयत्रको प्रतिलिपि,
- व्यवसाय दर्ता भएको भए दर्ता प्रमाणपत्र,
- हालसालै खिचिएको पासपोट साइजको फोटो थान-१

३.कार्यक्रमले समेट्ने विषयहरुः

(क) विउ पुँजीमा सहयोग (ख) औजार उपकरणमा सहयोग (ग) उत्पादित वस्तुको बजारीकरणमा सहयोग

थप जानकारीका लागि अपाङ्गता सहायता सहजकर्ता मो.नं ९८४४५४८१६४ मा सम्पर्क गरी बुझ्न सक्नुहुने छ साथै अनुसुची १ बमोजिमको निवेदन चैनपुर नगरपालिकाको सामाजिक विकास शाखाबाट प्राप्त गर्न सक्नु हुनेछ ।

सुर्यकिरण भण्डारी
कार्यक्रम फोकल पर्सन

कमल गौतम
नि.प्रमुख प्रशासकीय अधिकृत

<u>बोदार्थः</u>

श्री सुचना प्रविधि शाखाः सूचना वेबसाइटमा अपलोड गरिदिनु हुन।

श्री वडा कार्यालय सबै (१– ११) चैनपुर नगरपालिका : आवश्यक सहजिकरण गरिदिनु हुन।

फोन नं.०२९-५७०१३१, ०२९-५७००४९, वेबसाइटः www.chainpurmun.gov.npईमेलः chainpurmun@gmail.com